"चौकुने दिगो विकासको मूल आधार, सुशासन समृद्धि र पर्याप्त पूर्वाधार"

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : ०७८।०७९
चलानी नम्बर :

मिति : २०७८।११।०१

**न्यूनतम रोजगारी मा संलग्न हुन को लागि निवेदन दिने बारेको सुचना ।**

प्रस्तुत बिषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियामावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८ सहित) को दफा १८ को उपदफा १ बमोजिम आगामी आ.व. २०७९।०८० मा चौकुने गाउँपालिकाको मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरवाट बन्चित महिला, आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न बर्गका १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिहरुले **फागुन महिना** भित्रमा आफुले स्थायी रुपमा बसोबास गरेको वडा कार्यालयमा आफ्नो पुर्ण विवरण सहित **अनुसुची १ अनुसारको फारम** भरि सुचिकृत हुन सम्बन्धित सवैमा यो सुचना प्रकाशित गरिएको छ । निवेदनको दाँचा र यस सम्बन्धी बिस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट **www.pmep.gov.np** र वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

- निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको ।
- निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
- १८ देखि ५९ वर्ष उमेर समुहको ।
- पूर्ण विवरण सहित रित पूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

**आवश्यक कागजातहरु :**

१.चौकेने गाउँपालिका भित्र स्थायी बसोबास देखिने नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ( नागरिकतामा चौकेने गाउँपालिका भित्र स्थायी बसोबास नदेखिएमा बसाईसराईको प्रमाणपत्र र विवाहितको हकमा विवाहदर्ता,

२. एक प्रति पासपोट साइजको फोटा,

३. निवेदक सहित परिवारका सम्पुर्ण अन्य सदस्यहरुको नाम, नाता ,जन्म मिति, ना.प्रा.न. र जारी मिति जारी जिल्ला प्रमाणपत्रको प्रतिलिपी,

४. निवेदक सहित परिवारका सम्पुण सदस्यहरुको शैक्षिक योग्यता सिप दक्षता तथा रोजगारीको अवस्था ( आन्तरिक/ बैदेशिक /स्वरोजगार )सम्बन्धी विवरण,

५. कुल वार्षिक परिवारिक आय, परिवारका सवै सदस्यहरुले सामाजिक सुरक्षा कोष अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण,

६. यदी निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण

देश.................................... पासपोर्ट नं. ................................ बिदेशमा गरेको कामसंग सम्बन्धित सिप ................................

७. परिवारमा अपाङ्गता भएको सदस्य भएमा सो को विवरण खुल्ने प्रमाणपत्र ।

**पुनश्च : निवेदनमा उल्लेखित सम्पुर्ण विवरण अनिवार्यरुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिने छ। अधुरा/ अपुरा फारम मान्य हुने छैन ।**

.............................
**( गगन सिंह पाण्डेय)**
नि.प्रमुख प्रशासकीय अधिकृत